"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद, स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चखेवा, भोजपुर
१ प्रदेश, नेपाल

पत्र सं.:-२०७९/०८० प्रशासन
चलानी नं.:- २६६

मितिः-२०७९।०७।०२

विषय : निर्देशन सम्वन्धमा ।

श्री पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु सबै ।
श्री पौवादुङमा गाउँपालिका अन्तरगत वडा कार्यालयमा कार्यरत कर्मचारीहरु सबै ।
श्री पौवादुङमा गाउँपालिका अन्तरगतका सामुदायिक बिद्यालयहरुमा कार्यरत शिक्षक/शिक्षिका कर्मचारीहरु सबै ।
श्री पौवादुङमा गाउँपालिका अन्तरगतका स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीहरु सबै ।
श्री प्रहरी चौकी तिवारीभन्ज्याङ्ग/च्याङ्ग्रे/बास्तीमका सुरक्षा निकायहरु, भोजपुर ।

प्रस्तुत विषयमा यहि २०७९ मंसिर ४ गते हुन गईरहेको प्रतिनिधीसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई मध्येनजर गरी निर्वाचन आयोगबाट जारी निर्वाचन आचार सहिंता, २०७९ को प्रभावकारी रुपमा कार्यान्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौको च. नं. ७०७, मिति २०७९/०६/३१ को पत्रसाथ केन्द्रिय आचार सहिंता अनुगमन समितिको बैठकबाट जारी भएको निर्णय अनुसार **"निर्वाचन आचारसहिंता, २०७९ पालना गर्नु पर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह अन्तरगतका निकाय, अर्ध सरकारी तथा सार्वजनिक संस्था, सरकारी वा अर्ध सरकारी निकायबाट संचालित परियोजना विकास समिति जस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा बिद्यालय वा बिश्वबिद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी लगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसहिंता विपरीतको काम कारवाही गरेको अवस्थामा निजहरुलाई कानून बमोजिम कारबाही गर्नुपर्ने भएकोले कुनै कर्मचारीले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुने वा प्रचार प्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचार प्रसारका सामाग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जाल मार्फत मत माग्ने लगायतका निर्वाचन आचारसहिंता विपरीतका काम कारवाही गरेमा त्यस्ता कर्मचारी, शिक्षक, प्राध्यापक, सुरक्षाकर्मी समेतलाई निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर र सजायँ) ऐन, २०७३, निर्वाचन आचारसहिंता, २०७९ तथा प्रचलित कानून बमोजिम बिभागीय कारबाही गरी सोको जानकारी निर्वाचन आयोग र सम्वन्धित जिल्ला निर्वाचन आचारसहिंता अनुगमन समितिलाई गराउन निर्वाचन आचारसहिंता लागू हुने सबै निकायका प्रमुखलाई निर्देशन दिने"** लेखि आएकोले सोहि बमोजिम आचारसहिंता पालना गर्नु गराउन हुन निर्देशन जारी गरिएको छ । साथै आचारसहिंता विपरीत काम गरेको पाईएमा वा ठहर भएमा कानून बमोजिम आवश्यक कारवाही भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोधार्थ
श्री जिल्ला निर्वाचन कार्यालय
भोजपुर ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत